आज मिति २०८० साल फागुन १४ गते दिनको १० : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८०/०८१ को एघारौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| ९ | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| १० | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| ११ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १२ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १३ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १४ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १५ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १६ | श्री गोविन्द भट्टराई | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| आमन्त्रीत | | | |
| १ | दल बहादुर थापा | का.वा. वडा अध्यक्ष वडा नं. ६ | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | रनवीर वुढा | अधिकृत छैठौं | |
| २ | मधुसुदन गैरे | लेखा अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गन बहादुर थापा | सहयोगी | |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम वुढाथोकी
अध्यक्ष

## एघारौंगाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समिक्षा सम्बन्धमा ।

२. विशेष अनुदान माग सम्बन्धमा ।

३. लैंगिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण प्रतिवेदन २०७९/०८० स्वीकृत सम्बन्धमा ।

४. दोश्रो चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।

५. राजश्व परामर्श तथा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

६. विविध छलफल सम्बन्धमा ।

## २०८०फागुन १४गते बसेको एघारौं गाउँ कार्यपालिका बैठककाप्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा । | राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग सिंहदरवार, काठमाण्डौंले मिति २०८०/११/०८ गते प्रकाशन गरेको कार्यसम्पादन मूल्याङ्कन वापत प्रदेश सरकार र स्थानीय तहले प्राप्त गरेको अङ्क सम्बन्धी विवरण प्रकाशित गरिएको सम्बन्धी सूचनाको समिक्षा गर्ने तथा अघिल्लो कार्यपालिका वैठकहरुको समिक्षा गर्न आवश्यक रहेको । | राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग सिंहदरवार, काठमाण्डौंले मिति २०८०/११/०८ गते प्रकाशन गरेको कार्यसम्पादन मूल्याङ्कन वापत प्रदेश सरकार र स्थानीय तहले प्राप्त गरेको अङ्क सम्बन्धी विवरण प्रकाशित गरिएको सम्बन्धी सूचनाको समिक्षा गरियो । उक्त कार्यसम्पादन मूल्याङ्कन वापतको अङ्क चित्त वुझ्दो नभएको हुदाँ प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०७८ को अनुसूची-५ को ढाँचामा तयार गरि राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगमा पेश गर्न कार्यालयलाई निर्देशन गर्ने तथा गाउँ कार्यपालिकाका अघिल्ला वैठकहरुबाट भएका निर्णयहरु समिक्षा गरियो ।कार्यान्वयन गर्न वाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २ | विशेष अनुदान माग सम्बन्धमा । | लुम्बीनी प्रदेश सरकार, लुम्बिनी प्रदेश योजना आयोगको सचिवालयमा विशेष अनुदान तर्फका आयोजना प्रस्ताव माग गर्न आवश्यक देखिएको । | लुम्बीनी प्रदेश सरकार, लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय, राप्ती उपत्यका (देउखुरी), नेपालको मिति २०८०/११/०८ को विशेष अनुदानतर्फका आयोजना प्रस्ताव गर्ने सम्बन्धमा (सूचना) अनुसार डिजिटल नागरिक वडापत्र निर्माण,प्रविधिमैत्री शिक्षाको अवसर प्रदानको लागि आवश्यक सहयोग कार्यक्रम र विशेष समुदायका लागि स्मार्ट स्वास्थ्य सेवा कार्यक्रमहरु विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६ को अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव माग गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | लैंगिक समानता तथा सामाजिकसमावेशिकरण परिक्षण प्रतिवेदन२०७९/०८० स्वीकृत सम्बन्धमा । | लैंगिक समानता तथा सामाजिकसमावेशिकरण परिक्षण प्रतिवेदन२०७९/०८० स्वीकृतगर्न आवश्यक रहेको । | लैंगिक समानता तथा सामाजिकसमावेशिकरण परिक्षण प्रतिवेदन२०७९/०८० स्वीकृतगर्ने गाउँपालिका वेवसाइटमा Upload गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | दोश्रो चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा । | चालु आ.व. को दोश्रो चौमासिक सार्वजनिक सुनुवाई गर्न आवश्यक रहेको । | चालु आ.व.को दोश्रो चौमासिकमा गाउँपालिका तथा मातहतका कार्यालयहरुबाट गरिएका कामहरुको सार्वजनिक सुनुवाई गर्नुपर्ने भएको हुदाँ मिति २०८०/१२/२६गते सोमबारका दिन वडा नं. ५ काभ्रामादोश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | राजश्व परामर्श तथा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको निर्णय अनुमोदन सम्बन्धमा । | राजश्व परामर्श तथा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको वैठकको निर्णय अनुमोदन गर्न आवश्यक रहेको । | मिति २०८०/०९/२० गते बसेको राजश्व परामर्श समितिको वैठकको निर्णय र मिति २०८०/०९/२२ गते बसेको श्रोत अनुमान तथा बजेट सिमां निर्धारण समितिको वैठकको निर्णयलाई अनुमोदन गर्ने । साथै ५ लाख भन्दा कम पूँजी कायम गरी घरेलु तथा साना उद्योग कार्यालय लिबाङ रोल्पामा दर्ता भएका सवै प्राइभेट फर्महरुको दर्ता विविरण सक्कलै फाइल गाउँपालिकामा पठाउनका लागि घरेलु तथा साना उद्योग कार्यालयलाई पत्राचार गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ६ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको । <br> क) जलश्रोत उपयोग अनुमती पत्र प्रदान सम्बन्धमा । | क) विभिन्न मितिमा स्थानीय गाउँ जलश्रोत समितिको वैठकबाट निर्णय भई पेश भएका तपसिल बमोजिमका उपभोक्ता समितिहरुलाई जलश्रोत उपयोग अनुमति पत्र प्रदान गर्ने । <br> तपसिल <br> १) भज्ज्याङ खोला खानेपानी उपभोक्ता तथा सरसफाई समिति वडा नं. ४ <br> २) तेबाङ १-९ खा.पा. योजना स्किम नं. २ धारापानी सिमलफेद मुल खा.पा.उ.स. वडा नं. ७ <br> ३) घोरन्टे लिफ्ट खानेपानी उपभोक्ता तथा सरसफाई समिति वडा नं. ५ | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ख) क्वालिगाउँ गजुलखोला झोपु माग सम्बन्धमा । | ख) क्वालिगाउँ गजुलखोला वडा नं. ५ मा झोलुङ्गे पुल निर्माण गर्नुपर्ने भएको हुदाँ लुम्विनी प्रदेश सरकार समक्ष माग गरि पठाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ग) कक्षा थप अनुमति सम्बन्धमा । | ग)कक्षा थपका लागि गाउँपालिकामा पेश भएका तपसिल बमोजिमका विद्यालयहरुलाई कक्षा थपमा हुन आउने सम्पूर्ण दायित्व सम्बन्धित विद्यालयले व्यहोर्ने गरी कक्षा थपका लागि अनुमति दिने । <br> तपसिल <br> १) श्री लिस्नि आधारभूत विद्यालय वडा नं. ८ अफले कक्षा ७ सञ्चालन । <br> २) श्री सरस्वती आधारभूत विद्यालय वडा नं. ४ बाग्मा कक्षा ७ सञ्चालन । <br> ३) श्री जनता प्राथमिक विद्यालय वडा नं. ८ चिन्ने कक्षा ५ सञ्चालन । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | घ) मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा । | घ)लुम्बिनी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको मिति २०८०/१०/१५ गते प्रकाशित सूचना बमोजिम मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम सञ्चालनका लागि कार्यक्रम कार्यान्वयन सहजीकरणको संरचना, कार्यक्रमको लागत सहभागिता तथा परियोजनाको समाप्तिपछि परियोजनाको निरन्तरता र दिगोपनाका लागि बजेट विनियोजन गर्ने गरी प्रस्ताव पेश गर्ने । | पेश भए बमोजिम प्रस्ताव पारित गर्ने निर्णय गरियो" |